**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**

**मोरङ । ०७७ वैशाख ४ गते**

प्रदेश १ मा वैशाख ४ गतेसम्म ६५ जना महिला र २ सय ७६ जना पुरूषसहित ३ सय ४९ जनाको स्वाब परीक्षण गरिएको छ । स्वाब परीक्षण गरिएकामध्ये ४९ जना महिला र २ सय ३४ जना पुरूष गरी २ सय ८३ जनाको रिपोर्ट नेगेटिभ आएको छ । ६६ जनाको रिपोर्ट आउन बाँकी छ । वैशाख ४ गतेसम्म प्रदेश १ मा ६८ जना महिला र ५ सय पुरूषसहित ५ सय ६८ जना लाई क्वारेन्टाइनमा राखिएको छ । क्वारेन्टाइनमा वसेका चार जना महिला र ४६ जना पुरूष गरी ५० जना डिस्चार्ज भएका छन् । होम क्वारेन्टाइनमा ३ हजार ८ सय १६ जना बसेका छन् । प्रदेशभरी ६ सय ३५ जना महिला र ३ हजार १ सय ८१ जना पुरूष होम क्वारेन्टाइनमा बसेको प्रदेश १, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ । प्रदेश १ मा वैशाख ४ गतेसम्म १ सय ११ जना महिला र ७ सय १५ जना पुरूष गरी ८ सय २६ जनाको ऱ्यापीड डायग्नोष्टिक टेष्ट (आरडिटी) गरिएको छ । एक जनाको पोजेटिभ रिपोर्ट आएको छ । ८ सय २५ जनाको रिपोर्ट नेगेटिभ आएको छ । प्रदेश १ मा वैशाख ४ गते सम्म ६ सय ८३ थान व्यक्तिगत सुरक्षा उपकरण (पीपीई) वितरण गरिएको छ ।

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारी**का अनुसार वैशाख ४ गतेसम्म मोरङमा १ सय ६२ जना पुरूष र १४ जना महिला गरी १ सय ७६ जनालाई क्वारेन्टाइनमा राखिएको मोरङ प्रहरीले जनाएको छ । मोरङमा वैशाख ४ गतेसम्म आईसोले्शनमा १८ जना भर्ना भएका छन् । कोशी अस्पतालमा १५ र पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँमा तीन जना रहेका छन् । मोरङमा ९६ ओटा आईसोलेशन वेड तयार गरिएको छ । मोरङमा वैशाख ४ गतेसम्म १ हजार १ सय ७९ जना पुरूष र २ सय ५० जना महिला गरी १ हजार ४ सय २९ जनालाई होम क्वारेन्टाइनमा राखिएको छ । मोरङमा ६७ जनाको स्वाब परीक्षण गरिएकोमा ६७ जनाको रिपोर्ट नेगेटिभ आएको छ । तीन जनाको आउन बाँकी छ । मोरङमा वैशाख ४ गतेसम्म १७ जना महिला र २ सय ३ पुरूष गरी २ सय २० जनाको ऱ्यापीड डायग्नोष्टिक टेष्ट (आरडिटी) गरिएको छ । आरडिटी गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको छ ।

कोरोना भाइरस सङ्क्रमणको आशङ्कामा मोरङमा आइसोलेशनमा राखिएका १६ जनामध्ये १५ जना नेगेटिभ रिपोर्ट आएपछि घर फिर्ता भएका छन् । कोशी अस्पताल विराटनगरमा १३ जना र पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँमा तीन जनालाई आइसोलेशनमा राखिएकोमा चैत ४ गतेसम्म १५ जना फिर्ता भएको मोरङ प्रहरीले जानकारी दिएको छ । आइसोलेशनमा बसेकाहरूलाई चिकित्सकको नियमित रेखदेखमा उपचार गरिएको थियो । सबैको स्वाब नमूना परीक्षण गर्दा कोरोना सङ्क्रमण नदेखिएपछि फिर्ता पठाइएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय मोरङका डिएसपी मानबहादुर राईका अनुसार मोरङका विभिन्न स्थानमा स्थापना गरिएको ६ ओटा क्वारेन्टाइन केन्द्रमा बसेका २ सय ३५ जना पनि घर फर्केका छन । अब क्वारेन्टाइनमा

बस्नेको सङ्ख्या सात जना महिला र ४८ जना पुरूष गरी ५५ जना रहेको प्रहरीले जनाएको छ । मोरङको टाँटीस्थित आर्मी क्याम्पमा रहेका १ सय ५१ जनामध्ये ९७ जना घर फिर्ता भएका छन् ।

बेलबारी नगरपालिकाले कोरोना विरूद्धको अभियानमा प्रत्यक्ष भूमिका निभाईरहेका सुरक्षा निकायहरूलाई समेत ब्यक्तिगत स्वास्थ्य सुरक्षा सामाग्री पिपिइ सेट वितरण गरेको छ । चार ओटा सुरक्षा निकायलाई नगरपालिकाले पिपिइ सेट बितरण गरेको हो । नगरपालिकाले इलाका प्रहरी कार्यालय बेलबारीलाई १० थान, शसस्त्र बेस क्याम्प लक्ष्मीमार्गलाई १० थान, शसस्त्र बेस क्याम्म बाहुनीलाई दुई थान र ट्राफिक पोष्ट बेलबारीलाई तीन थान गरी २५ थान पिपिई उपलव्ध गराएको बेलबारी नगरपालिकाका प्रमुख ज्ञानेन्द्र सुवेदीले जानकारी दिनुभयो ।

लकडाउनका कारण प्रभावित मोरङको कटहरी गाँउपालिका-५ का ७ सय घरपरिवारलाई राहत वितरण गरिएको छ । वडा कार्यालयसँगको समन्वयमा वल्र्ड भिजन इन्टरनेशनल र नारी विकास संघ विराटनगरले राहत वितरण गरेका हुन । प्रतिघर परिवार १५ किलो चामल, १ किलो दाल, १ किलो नुन, १ लिटर तेल र सावुन वितरण गरिएको हो

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार वैशाख ४ गते एक जना महिला र एक जना पुरूष गरी दुई जनालाई क्वारेन्ट्राइनमा राखिएको छ । वैशाख ४ गतेसम्म शङ्कास्पद २० जनाको पीसीआर र १ सय ४१ जनाको आरडीटी प्रविधिबाट परीक्षण गर्दा सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । जिल्लामा २३ ओटा आईसोलेशन र २ सय ४ जना क्षमता भएको ओटा क्वारेन्टाइन निर्माण गरिएको छ ।

कोरोना भाइरस सन्दर्भमा मानव अधिकार अवस्था अनुगमन समितिको सदस्यमा इन्सेक जिल्ला प्रतिनिधि मङ्गल बेघा चयन हुनु भएको छ । राष्ट्रिय मानव अधिकार आयोगद्धारा जारी यससँग सम्बन्धित कार्यविधि अनुसार वैशाख ४ गते गठन भएको समितिमा इन्सेक प्रतिनिधि सदस्य चयन हुनु भएको हो । गैरसरकारी संस्था महासंघ जिल्ला शाखाका अध्यक्ष नन्द नेम्बाङको संयोजकत्वमा गठित पाँच सदस्यीय  समितिमा नेपाल पत्रकार महासंघका अध्यक्ष लवदेव ढुंगाना, नेपाल बार एसोसिएसन जिल्ला बार इकाईका अध्यक्ष शन्त राई सदस्य रहनु भएको छ । सोही समितिमा जिल्लामा क्रियाशील मानव अधिकारर्मी प्रेम ओझा र इन्सेक प्रतिनिधि पनि सदस्य चयन हुनु भएको हो । राष्ट्रिय मानव अधिकार आयोग, कोभिड १९ को सन्दर्भमा मानव अधिकार अवस्था अनुगमन नेटवर्कको कार्यविधि २ को (घ) अनुसार जिल्ला स्तरीय अनुगमन समिति गठन गरिएको संयोजक नेम्बाङले बताउनु भयो । समितिले कोभिड-१९ का सन्दर्भमा नेपाल सरकारवाट भईरहेका कार्यहरूको अवस्था, जीवनको अधिकार विरामीहरूको उपचार, स्वास्थ्य सामग्री तजा औषधीहरूको उपलब्धता, लकडाउनवाट प्रभावितहरूको अवस्था लगायतका विषयहरू अनुगमन गरी सम्बन्धित निकायको ध्यानाकर्षण गरिनुका साथै माथिल्लो निकायमा प्रतिवेदन पेश गरिने उहाँले जानकारी दिनु भयो ।

कोभिड-१९ वाट नेपालमा समेत संक्रमितहरू फेला पर्न थालेपछि राष्ट्रिय मानव अधिकार आयोग, नेपाल पत्रकार महासंघ र नेपाल बार एसोसिएसनबीच सञ्जाल बनाई मानव अधिकारको अनुगमन गर्न सहमति भएको हो । यहि सहमति अनुसार केन्द्र, प्रदेश र जिल्लामा मानव अधिकार अनुगमन समिति गठन गर्ने व्यवस्था अनुसार पाँचथर जिल्लामा मानव अधिकारको अनुगमन गर्ने तयारी गरिएको पत्रकार महासंघका अध्यक्ष एवं समितिका सदस्य लवदेव ढुंगानाले बताउनु भयो ।

स्थानीय प्रशासनले सवारी पास दिन कडाई गरेको छ । सरकारले पछिल्लो पटक लकडाउन थप गरेसँगै जिल्लामा बाक्लो सङ्ख्यामा प्रहरी परिचालित छन् । प्रहरीले माईकिङमार्फत सर्वसाधारणलाई घरभित्रै बस्न आग्रह गरेको छ । लकडाउन उल्लङ्घन गरेको भन्दै प्रहरीले २३ ओटा सवारी साधन नियन्त्रणमा लिएको छ ।

अस्पतालको रेफर पत्र बिना एम्बुलेन्सहरूले बिरामी नबोक्ने भएपछि नियमित स्वास्थ्य परीक्षण तथा औषधि सेवनका लागि जिल्ला बाहिर लैजान पर्ने बिरामीहरूलाई समस्या भएको छ । दैनिक उपभोग्य सामग्रीको अभाव हुन थालेको छ ।

**इन्सेक झापा जिल्ला प्रतिनिधि नरेश खाती**का अनुसार वैशाख ४ गते सदरमुकाम भद्रपुरस्थित कलबलगुरी क्वारेन्टाइनमा रहेका १७ जनालाई घर पठाइएको छ । भद्रपुर नगरपालिकाको समन्वयमा नेपाली सेनाले व्यवस्थापन गरेको क्वारेन्टाइनमा १४ दिन बिताएपछि गरिएको र्‍यापीड डायग्नोष्टिक टेस्ट (आरडीटी) किट परीक्षणमा सबैको रिपोर्ट नेगेटिभ आएकाले उनीहरूलाई घर पठाइएको भद्रपुर नगरपालिकाका प्रमुख जीवनकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

झापा गाउँपालिकाको कोरोना राहत कोषमा नेपाली कांग्रेस गाँउ समितिले एक लाख ५१ हजार रूपियाँ जम्मा गरेको छ ।

मेची नगर नगरपालिकाकाले लकडाउनपछि पनि खाद्य सङ्कट हुने स्थिति नआओस् र कृषिको उत्पादन बढाउन किसानहरूलाई सहज रूपमा विऊविजन उपलब्ध गराउन त्यस्ता प्रकृतिका पसलहरू खुलाउन अनुरोध गर्ने सर्वदलीय निर्णय भएको नगरपालिकाले जनाएको छ ।

नेपालको पूर्वी नाकाबाट आयात निर्यात ठप्प भएको छ । कोरोना सङ्क्रमणको जोखिम देखाउँदै भारतको पश्चिम बङ्गाल सरकारले नेपालसँग जोडिएको नाका बन्द गरेको मेची भन्सार कार्यालयका प्रमुख ध्रुवराज विश्वकर्माले बताउनुभयो । बङ्गाल सरकारले भारतीय भन्सार कार्यालयलाई पत्राचार गर्दै अनिश्चित कालका लागि कारोबार रोक्न निर्देशन विश्वकर्माले बताउनुभयो ।

झापामा रगतको तीव्र अभाव भएको अवस्थामा नेपाल विद्यार्थी सङ्घ झापाले रक्तदान कार्यक्रम सुरू गरेको छ । नेपाल विद्यार्थी सङ्घका नेता कार्यकर्ताले वैशाख ४ गते रगत दिएका छन् ।

शनिश्चरे प्रहरी चौकीले लकडाउनलाई पूर्ण पालना गर्न अनुरोध गर्दै नगरको वडा-वडामा माईकिङ्ग सुरू गरेको छ । कोरोना सङ्क्रमणको जोखिम नियन्त्रणका लागि लकडाउन पालना गर्न अनुरोध गरिएको छ ।

मेचीनगर नगरपालिका-४ बाहुनडाँगी क्षेत्रका करिब ७० बढी किसानले चिया फाँडेका छन् । जसका कारण करोडौ रुपियाँ नोक्सान भएको किसानहरूले गुनासो गरेका छन् ।

**इन्सेक सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादव**का अनुसार धरान उपमहानगरपालिका -६ पानबारीमा लकडाउन उल्लङ्घन गरेको भन्दै स्वास्थ्यकर्मीमाथि प्रहरीले आक्रमण गरेको गुनासो बाहिर आएको छ । वैशाख ४ गते धरान उपमहानगरपालिका- ६ का ३५ वर्षीय स्वास्थ्यकर्मी चन्द्रप्रकाश खनाललाई धरानको पानमारा प्रहरी चौकीका प्रमुख सई भेषबहादुर राउतले पाइपले कुटपिट गरेको पीडित स्वास्थ्यकर्मीले बताउनु भएको छ । धरानबाट पानमारामा एक बिरामीको ड्रेसिङ गर्न जानेक्रममा आफूमाथि आक्रमण गरिएको खनालको भनाइ छ । पानमारा प्रहरी चौकीका प्रमुख सई भेषबहादुर राउतले भने पानबारीस्थित मितेरी बैङ्क नजिकै बिहान भिड बढ्न थालेपछि भिडलाई हटाउने क्रममा दूध लिन पुगेका खनाललाई लाठीको चोट लागेको हुनसक्ने प्रतिकृया दिनुभयो । धरान उपमहानगरपालिका-२० बिष्णुपादुकाको स्वास्थ्य चौकीमा हेल्थ असिस्टेन्टको रूपमा कार्यरत खनालको घाटीमा सुम्ला बसेको छ । उक्त घटनालाई लिएर धरान उपमहानगरपालिका अन्तर्गतको स्वास्थ्य संस्थामा काम गर्ने स्वास्थ्यकर्मीहरूले विरोध जनाएका छन् ।

धरान उपमहानगरपालिका-११ मा बसोबास गर्दै आउनु भएकी ४५ वर्षीया महिलाको वैशाख ४ गते निमोनियाका कारणले मृत्यु भएको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानले जनाएको छ । भएको छ । ज्वरो आएको र स्वास फेर्न गाह्रो भएको भन्दै कोरोनाको आशङ्कामा प्रतिष्ठानमा उपचारको क्रममा वैशाख ४ गते मृत्यु भएको प्रतिष्ठानका सह-प्रवक्ता डा. अशोक एरेले बताउनुभयो ।

जिल्ला प्रशासन कार्यालय सुनसरीले मुस्लिम समुदायका व्यक्तिहरूलाई राख्न क्वारेन्टाइनका रूपमा प्रयोगमा ल्याइएका मस्जिदहरू खाली गर्न निर्देशन दिएको छ । मस्जिदमा बस्ने र बसाउने क्रमले असावधानी बढ्न सक्ने भन्दै सुनसरी प्रशासनले त्यस्तो कदम चालेको हो । प्रशासनका अनुसार बाहिरबाट आएर मस्जिदमा शरण लिई बस्न सक्ने सम्भावना र त्यसले समाजमा फैलाउने त्रासका साथै सम्भावित सङ्क्रमणको जोखिमलाई मध्यनजर उक्त कदम चालिएको हो । सुनसरीका प्रमुख जिल्ला अधिकारी राजेश पौडेलका अनुसार मस्जिद खाली गरिएको भन्ने अर्थलाई गलत ढङगले लिन भने नहुने बताउनुभयो । पौडेलका अनुसार सुनसरीका विभिन्न मस्जिदमा ५२ जना बस्दै आएका थिए । उनीहरूलाई जिल्लाका विभिन्न स्थानमा रहेका क्वारेन्टाइन स्थलमा सारिएको पौडेलले बताउनुभयो । सुनसरीको हरिनगर, दुहवी, इटहरी, बर्जु र भोक्राहाका विभिन्न मस्जिदहरूमा भारतीय र पाकिस्तानी नागरिक सहित बङ्गालीहरू बस्दै

आएको फेला परेको थिए । सुनसरी प्रशासनले दिएको जानकारी अनुसार वैशाख ४ गते उपरान्त जिल्लाका कुनैपनि मस्जिदमा कोही कसैलाई राख्न पाइने छैन् । लुकीछिपी बस्दै आएको भेटिए कानुन बमोजिम कारबाही गरिने प्रशासनले स्पष्ट पारेको छ । सुनसरीका ८१ ओटा मस्जिद प्रशासनमा दर्ता रहेका छन् । सुनसरी प्रशासनले मुस्लिम समुदायलाई मस्जिदमा भिडभाड नगरी सकेसम्म घरमै बसी प्राथर्ना गर्न भनेको छ । भारतसँग सीमा जोडिएकाले समेत सुनसरीमा प्रशासन कडाई गरेको छ । सीमामा सर्तकता बढाउनुका साथै लक डाउनको पालना गराउन सुरक्षाकर्मीलाई तैनाथ गरिएको प्रशासनले जनाएको छ ।

सुनसरीको सीमा क्षेत्रमा सशस्त्र प्रहरीको परिचालन बढाइएको छ । प्रदेश १ मा सशस्त्र प्रहरीले आफ्नो जनशक्तिलाई सीमा क्षेत्रमा नै केन्द्रित गरेको छ । यसअघि दशगजा क्षेत्रदेखि एक किलोमिटर टाढा रहेको सशस्त्रको सुरक्षा पोस्ट दशगजा क्षेत्रमा खडा गरिएको थियो । खुला सीमानाका कारण भारतबाट मानिसहरू लुकिछिपी नेपाल प्रवेश गर्ने सम्भावना देखिएकाले जनशक्तिलाई सीमा क्षेत्रमा केन्द्रित गरेको सशस्त्र प्रहरी बलको प्रदेश १ बाहिनी पकलीले जनाएको छ । सशस्त्र प्रहरीको जवानको आधारभूत तालिममा रहेका प्रशिक्षार्थी, प्रधान कार्यालय र अन्य प्रदेशबाट समेत जनशक्ति थप गरेर सीमा क्षेत्रमा परिचालन गरिएको सशस्त्र प्रहरी बल नेपाल प्रदेश १ बाहिनी मुख्यालयले जनाएको छ । भारतको विहार राज्यसंग सीमाना जोडिएको सुनसरीको सीमाबर्ती क्षेत्रमा जनशतिmलाई केन्द्रित गरेको बाहिनीका प्रहरी नायव महानिरीक्षक (डीआईजी) नगेन्द्र थापाले जानकारी दिनुभयो । सीमा क्षेत्रमा नयाँ पोस्ट थपेर सात जनाको दरले ड्युटीको व्यवस्था मिलाइएको छ । भारतसँग सुनसरी क्षेत्रमा ५८, वटा नयाँ पोस्ट थपिएको छ । यसअघि सुनसरीमा ९ वटा सशस्त्र प्रहरीको सीमा सुरक्षा पोस्ट रहेको थियो ।

**इन्सेक उदयपुर जिल्ला प्रतिनिधि भरत खड्का**का अनुसार कोरोना भाइरसको आशङ्कामा स्वाब परीक्षणमा पठाइएका उदयपुरका ७८ जनामध्ये वैशाख ४ गतेसम्म ४४ जनाको परीक्षण रिर्पोट नेगेटिभ आएको छ । बाँकीको रिर्पोट आउन बाँकीे छ । जिल्लाका विभिन्न स्थानीय तहका क्वारेन्टाइनमा कोविडको आशङ्कामा राखिएका सात जना महिला र ३६ जना पुरूषको रिर्पोट नेगेटिभ आएको हो । स्वास्थ्य कार्यालय प्रमुख मोहन सुवेदीका अनुसार कटारी नगरपालिकाको बेलसोतमा राखिएका तीन जना महिला र २३ जना पुरूष, चौदण्डीगढी नगरपालिकाका एक जना महिला, त्रियुगा नगरपालिकाका तीन जना महिला र नौ जना पुरूष, बेलका नगरपालिकाका एक जना पुरूष र लिम्चुङ्गबुङ्ग गाँउपालिकाका चार जना पुरूष गरी ४४ जनाको रिपोर्ट नेगेटिभ आएको हो ।

कोरोना भाइरस नियन्त्रणका लागि स्थानीय तहहरूले सञ्चालनमा ल्याएका फिवर क्लिनिकमा जचाँउनेको संख्या वैशाख ४ गते एकै दिन ७८ जना पुगेका छन् । जिल्ला स्वास्थ्य कार्यालयले दिएको जानकारी अनुसार कटारी नगरपालिकामा आठ जना, उदयपुरगढीमा नगरपालिकामा दश जना र ताप्ली गाउँपालिकामा १६ जना रहेका छन् ।

**इन्सेक धनकुटा जिल्ला प्रतिनिधि ईश्वर थापा**का अनुसार वैशाख ४ गतेसम्म धनकुटामा तीन जनालाई होम क्वारेन्टाइनमा राखिएको छ । भारतबाट वीरगञ्ज नाका हुँदै धनकुटा आएका उनीहरूलाई क्वारेन्टाइनमा राखिएको हो । जिल्लामा वैशाख ४ गते ५४ जनाको ऱ्यापीड डाइनोष्टिक टेस्ट गरिएको छ । कोरोना भाइरसको रोकथामका लागि प्रदेश १ सरकारले सुरूवात गरेको ऱ्यापीड डाइनोष्टिक टेस्ट धनकुटा जिल्लामा गरिएको टेष्टमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।

लकडाउन लम्बिएपछि धनकुटाका स्थानीय तहले ज्यालादारी मजद्रर र विपन्न वर्ग पहिचान गर्दै धमाधम राहत वितरण गरेका छन् । जिल्लाका सात स्थानीय तह मध्ये तीन नगरपालिका र तीन गाउँपालिकाले आ-आफ्नै मापदण्ड बनाएर ६ हजार ६ सय ४५ ज्यालादारी मजदुर र विपन्न वर्गलाई पविारका २९ हजार ३ सय ६० जना मानिसलाई राहत स्वरूप खाद्यान्न वितरण गरेका हुन । जसमा धनकुटा, पाख्रिबास र महालक्ष्मी नगरपालिका तथा छथर जोरपाटी, सहिदभूमि र साँगुरीगढी गाउँपालिकाले १ करोड २४ लाख २२ हजार ६ सय १५ रूपैया बराबरको राहत वितरण गरेका हुन । धनकुटाको चौबिसे गाउँपालिकाले भने राहत वितरणको लागि १ हजार १ सय परिवारको लगत संकलन गरिसकेको तर हालसम्म कुनै राहत वितरण नगरेको जनाएको छ । यस्तै धनकुटा नगरपालिका बाहेकका अन्य ६ वटा स्थानीय तहले छुट्टाछुट्टै गरेर एक करोड आठ लाख ७५ हजार रूपैयाको प्रकोप व्यवस्थापन कोष स्थापना गरेका छन । धनकुटा जिल्लाका सबै स्थानीय तहमा गरि १ सय २१ शैयाको क्वारेन्टाइन, २३ ठाउँमा थर्मलगन सहितको हेल्प डेक्स र १ सय ६४ जना स्वास्थ्यकर्मीलाई पीपीई वितरण गरिएको जनाइएको छ । यस्तै धनकुटा जिल्लामा कोरोना भित्रन नदिन तयारी तिब्र पारिएको छ ।

**इन्सेक तेह्रथुम जिल्ला प्रतिनिधि भगिश्वर लिम्बू**का अनुसार जिल्लामा वैशाख ४ गते सम्ममा ५४ जना क्वारेन्टाइनमा राखिएको छ । १ सय २० जना क्षमता भएको क्वारेन्टाइन निर्माण गरिएको छ ।

**इन्सेक ओखलढुङ्गा जिल्ला प्रतिनिधि शिवप्रसाद ढुङ्गाना**का अनुसार वैशाख ४ गतेसम्म दुई भारतीय नागरिकसहित ६ जना क्वारेन्टाइनमा छन् ।जिल्लामा प्रदेश सरकारले १ सय ५० थान किट पठाएपछि द्रुत परीक्षण शुरू गरिएको छ ।

सिद्धिचरण नगरपालिकाले असंगठित मजदुर तथा दैनिक ज्यालादारीमा काम गरेर परिवार पाल्ने पहिचान गरेर राहत दिने मापदण्ड तयार गरेको छ । नगरपालिकाभरि ५ सय ३४ परिवार पहिचान भएका छन् । संघीय सरकार र प्रदेश सरकारले जारी गरेको लकडाउनको कारण असंगठित क्षेत्रमा कार्यरत श्रमिक तथा असहायहहरूलाई दैनिक जीवनयापनको लागि राहत उपलब्ध गराउने सम्बन्धी मार्गदर्शन २०७६ अनुसार वडा वडाबाट गरिएको सिफारिसका आधारमा राहत दिइएको सिद्धिचरणका मेयर मोहनकुमार श्रेष्ठले बताउनुभयो ।

सांसद यज्ञराज सुनुवारले वैशाख ४ गते  एन९५ माक्स १२०, ग्लोब्स ४ सय र सेनिटाइजर १२० थान उपलब्ध गराउनुभएको छ ।

**इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार लकडाउनको समयमा विभिन्न बाहना बनाएर सडकमा हिड्ने ३० जना प्रहरीको कारबाही परेका छन् । प्रहरीले वैशाख ४ गते भोजपुर सदरमुकामको चारभञ्ज्याङमा १६ जना, च्याङ्बेनी चौकमा नौ जना र जिल्ला प्रहरी कार्यालय भोजपुरको परिसरमा पाँ जनालाई  सामाजिक दूरी कायम गरी प्रशिक्षण गराएको छ ।

**इन्सेक सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार वैशाख ४ गते  जिल्ला अस्पताल खाँदबारीको ज्वरो क्लिनिकमा २१ ज्ना महिला र २० जना पुरूषले स्वास्थ्य जाँच गराएका छन् । ४ गते कोरोना भाइरसको ऱ्यापीड डायग्नोस्टिक टेस्ट जिल्लाका विभिन्न स्थानमा थालिएको स्वास्थ्य कार्यालय जनाएको छ । धर्मदेवी नगरपालिकामा वैशाख ४ गते आठ जना महिला र १६ जना पुरूषको ऱ्यापीड डायग्नोस्टिक टेस्ट गरिएको छ । त्यस्तै मादी नगरमालिकामा एक जना महिला र आठ जना पुरूषको ऱ्यापीड डायग्नोस्टिक टेस्ट गरिएको छ । उनीहरू ३३ जनाकै ऱ्यापीड डायग्नोस्टिक टेस्ट गर्दा नेगेटिभ रिपोर्ट आएको स्वास्थ्य कार्यालयका प्रवक्ता रोशन श्रेष्ठले जानकारी दिनु भयो । ऱ्यापीड डायग्नोस्टिक टेस्ट भएका सबै भारत लगायत विभिन्न देशबाट फर्किएका हुन् । वैशाख ४ गते अरुण तेस्रोमा कार्यरत एक मजदुर ज्वरो आएर अस्पताल भर्ना भएका छन् । उनको ऱ्यापीड डायग्नोस्टिक टेस्ट गर्दा नेगेटिभ रिपोर्ट आएको छ ।

**इन्सेक सोलुखम्बु जिल्ला प्रतिनिधि भोजराज कार्की**का अनुसार वैशाख ४ गते जिल्लामा १७ जनाको ऱ्यापीड टेष्ट गरिएको छ । जिल्लाको चार ओटा स्थानीय तहमा विदेशबाट आएका १७ जनाको ऱ्यापीड टेष्ट गर्दा कोरोना भाइरस पोजेटिभ नदेखिएको जिल्ला स्वास्थ्य कार्यलय सोलुखुम्बुले जनाएको छ ।  ।

**इन्सेक प्रदेश १ कार्यालय, विराटनगर**